श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४५ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### बीउ बिजनसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः विभिन्न बालीको उत्पादनमा वृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी गुणस्तरयुक्त बीउ बिजन सुव्यवस्थित रूपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "बीउ बिजन ऐन, २०४५" रहेको छ।

१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

४५० (१०)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.१ "बीउ बिजन" भन्नाले भ्रौण बिरुवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएको परिपक्व ओभ्यूल (म्याच्योर्ड ओभ्यूल) वा यौनिक वा वानस्पतिक तरीकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीज सम्झनुपर्छ ।

२.१.२ "बाली" भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली तथा घाँसबाली जस्ता बाली सम्झनुपर्छ ।

२.१.३ "कृषि कार्य" भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेबाली तथा घाँस उत्पादन गर्ने कार्य सम्झनुपर्छ ।

२.१.४ "समिति" भन्नाले दफा ३ बमोजिम गठित राष्ट्रिय बीउ बिजन समिति सम्झनुपर्छ ।

२.१.५ "प्रयोगशाला" भन्नाले दफा ६ बमोजिम स्थापना भएको केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनुपर्छ र सो शब्दले त्यस प्रयोगशाला अन्तर्गतका अन्य प्रयोगशालासमेतलाई जनाउँछ ।

२.१.६ "सूचित बीउ बिजन" भन्नाले दफा ११ बमोजिम तोकिएको बीउ बिजन सम्झनुपर्छ ।

२.१.७ "भाँडो (कन्टेनर)" भन्नाले बाकस, टिनको बट्टा, शीशी, थैली, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनुपर्छ ।

२.१.८ "प्रजनक (ब्रीडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक पैदा वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ ।

२.१.९ "किसिम" भन्नाले कुनै एक वा अनेक निकटतम जातमूल (क्लोज स्पेसीज्) वा उपजातमूल (सब्स्पेसीज्) को छुट्टै वा सामूहिक तवरले चिनिन सकिने र कृषि कार्यमा प्रयोग योग्य बोट बिरूवाको किसिम सम्झनुपर्छ ।

२.१.१० "जात" भन्नाले फल, बीज, वृद्धि, उब्जनी वा यस्तै अन्य लक्षण-बाट सजिलैसित सामूहिक रूपमा चिनिन सकिने कृषि कार्यमा प्रयोग योग्य बोट बिरूवाको जात सम्झनुपर्छ ।

२.१.११ "संकेतपत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको बीउ बिजनसम्बन्धी विवरण सम्झनुपर्छ ।



४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.१२ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

३. राष्ट्रिय बीउ बिजन समितिको गठनः

३.१ बीउ बिजनसम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी विषयमा श्री ५ को सरकारलाई आवश्यक परामर्श दिन एक राष्ट्रिय बीउ बिजन समितिको गठन हुनेछ।

३.२ समितिमा देहायका सदस्यहरू रहनेछन्:—

३.२.१ सचिव, कृषि मन्त्रालय — अध्यक्ष

३.२.२ सचिव, जलस्रोत समिति, राष्ट्रिय पञ्चायत — सदस्य

३.२.३ महानिर्देशक, कृषि विभाग — सदस्य

३.२.४ प्रमुख, राष्ट्रिय कृषि अनुसन्धान तथा सेवा केन्द्र — सदस्य

३.२.५ महाप्रबन्धक, कृषि सामग्री संस्थान — सदस्य

३.२.६ महाप्रबन्धक, कृषि विकास बैंक — सदस्य

३.२.७ प्रमुख, बीउ बिजन विभाग, कृषि सामग्री संस्थान— सदस्य

३.२.८ श्री ५ को सरकारद्वारा मनोनीत कृषि, पशु र वन विज्ञानसंग सम्बन्धित वैज्ञानिक तीन जना — सदस्य

३.२.९ बीज विशेषज्ञ, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय — सदस्य

३.२.१० श्री ५ को सरकारद्वारा मनोनीत बीउ बिजन उद्यमी दुई जना — सदस्य

३.२.११ श्री ५ को सरकारले तोकेको व्यक्ति — सदस्य-सचिव

३.३ श्री ५ को सरकारद्वारा उपदफा ३.२.८. र ३.२.१० बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन्।

३.४ उपदफा ३.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा ३.२.८ र ३.२.१० बमोजिम मनोनीत सदस्यलाई निजको पदावधि पूरा नहुँदै श्री ५ को सरकारले हटाउन सक्नेछ।

३.५ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।



४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.६ समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको बैठक र निर्णयः

४.१ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

४.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

४.५ समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

४.६ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः

५.१ बीउ बिजनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न श्री ५ को सरकारलाई परामर्श दिने ।

५.२ बीउ बिजन उत्पादन तथा वितरण कार्यमा निजी तथा सरकारी क्षेत्रबीच समन्वय कायम गर्ने ।

५.३ बीउ बिजन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

५.४ निजी वा सरकारी क्षेत्रमा सञ्चालित बीउ बिजन उद्योगहरूबाट उत्पादन हुने बीउ बिजनहरूको गुणस्तर नियमित वा नियन्त्रण गर्ने गराउने ।

५.५ नयाँ जातको बीउ बिजनहरू तोकिएबमोजिम अनुमोदन, उन्मोचन (रिलीज) र दर्ता गर्ने ।

५.६ नयाँ जातको बीउ बिजनको विशिष्टता, एकरूपता र स्थायित्व परीक्षण गरी तोकिएबमोजिम प्रजनकलाई स्वामित्वको अधिकार प्रदान गर्ने ।

५.७ बीउ बिजनको गुणस्तर निर्धारण गर्ने ।

५.८ स्वदेशी वा विदेशी निकायहरूद्वारा निर्धारित बीउ बिजनको गुणस्तरलाई आवश्यकतानुसार अनुमोदन गर्ने ।

५.९ बीउ बिजनसबन्धी अन्य आवश्यक काम कारवाही गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **उप-समितिहरू गठन गर्न सक्ने:**

६.१ बीउ बिजनको उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनको लागि समितिले आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ।

६.२ उप-समितिहरूको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

७. **बीउ बिजन प्रमाणीकरण निकायको स्थापना:** बीउ बिजन प्रमाणीकरणसम्बन्धी कार्य गर्नको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एउटा बीउ बिजन प्रमाणीकरण निकायको स्थापना गर्न सक्नेछ।

८. **बीउ बिजन प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार:**

८.१ बीउ बिजन प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

८.१.१ बीउ बिजन प्रमाणीकरणसम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी समितिमा पेश गर्ने।

८.१.२. समितिद्वारा स्वीकृत तरीका, स्तर तथा मापदण्ड अनुसार बीउ बिजन प्रमाणित गरी आवश्यकतानुसार प्रमाणपत्र दिने।

८.२ बीउ बिजन प्रमाणीकरण निकायको अन्य काम, कर्तव्य र अधिकार तथा त्यस्तो निकायले बीउ बिजन प्रमाणीकरण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ।

९. **केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना:**

९.१ बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एउटा केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

९.२ उपदफा ९.१ बमोजिम स्थापना भएको प्रयोगशालाको रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकतानुसार नेपाल अधिराज्यका विभिन्न ठाउँमा बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना हुन सक्नेछ।

९.३ श्री ५ को सरकारले गैरसरकारी क्षेत्रमा स्थापित बीउ बिजन परीक्षण प्रयोगशालालाई पनि आवश्यक शर्त तोकी यो ऐन अन्तर्गत बीउ बिजन परीक्षण गर्ने अधिकार प्रदान गर्न सक्नेछ।



४५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. प्रयोगशालाको काम, कर्तव्य र अधिकार: प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

११. बीउ बिजनको किसिम वा जात सूचित गर्ने अधिकार: श्री ५ को सरकारले कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखेमा समितिको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचित बीउ बिजन भनी तोक्न सक्नेछ र त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जातसमेत तोक्न सक्नेछ ।

१२. बीउ बिजनको उम्रिने शक्ति (जर्मिनेशन) तथा शुद्धता (प्यूरिटी) को न्यूनतम हद तोक्ने:

१२.१ श्री ५ को सरकारले समितिको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहायका कुराहरू तोक्न सक्नेछ:–

१२.१.१ सूचित बीउ बिजनमध्ये कुनै बीउ बिजनको सम्बन्धमा उम्रिने शक्ति र शुद्धताको न्यूनतम हद, र

१२.१.२ संकेतपत्रमा उल्लेख गर्नुपर्ने अन्य विवरण ।

१३. सूचित बीउ बिजनको बिक्री वितरणमा प्रतिबन्ध:

१३.१ कुनै व्यक्तिले देहायबमोजिमको सूचित बीउ बिजन बेच्न, बेच्नको लागि राख्न, दिन, साट्न वा अन्य कुनै तरीकाले कसैलाई उपलब्ध गर्न गराउन हुँदैन:–

१३.१.१ किसिम वा जात छुट्याउन नसकिने,

१३.१.२ उपदफा १२.१.१ अन्तर्गत तोकिएको उम्रिने शक्ति तथा शुद्धताको न्यूनतम हद अनुकूल नभएको,

१३.१.३ उपदफा १२.१.२ बमोजिम तोकिएको विवरणहरू सहितको संकेतपत्र नभएको भाँडोमा राखिएको, र

१३.१.४ तोकिएबमोजिमको अन्य शर्तहरू अनुकूल नभएको ।

१३.२ खास क्षेत्रको लागि उपयुक्त भनी निर्धारित सूचित किसिम वा जातको बीउ बिजन तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रको लागि बिक्री गर्न वा गराउन पाइनेछैन ।

४६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. विषादि औषधीद्वारा उपचार गरिएको बीउ बिजन बिक्री गर्न नपाइने: विषादि औषधीद्वारा उपचार गरिएको बीउ बिजन कृषि कार्य र तोकिएबमोजिमको प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि बिक्री गर्न पाइनेछैन।

१५. सूचित बीउ बिजन निकासी वा पैठारी गर्न स्वीकृति लिनु पर्ने:

१५.१ कुनै किसिम वा जातको सूचित बीउ बिजन निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएबमोजिमको विवरण सहित निकासी वा पैठारी गर्न स्वीकृतिको निमित्त निवेदन दिनु पर्नेछ।

१५.२ उपदफा १५.१ बमोजिमको निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले स्वीकृति दिन सक्नेछ।

१५.३ उपदफा १५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि बीउ बिजन निकासी वा पैठारी गर्ने उद्देश्यले स्थापित उद्योगले निकासी वा पैठारी गर्न चाहेको सूचित बीउ बिजनको तोकिएबमोजिमको विवरण तोकिएको अधिकारीलाई दिई निकासी वा पैठारी गर्न सक्नेछ।

१६. बीउ बिजन निरीक्षक तथा विश्लेषकको नियुक्ति: यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले आवश्यकतानुसार बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकहरू नियुक्त गर्न सक्नेछ। त्यसरी बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषक नियुक्त नभएको अवस्थामा त्यस्ता निरीक्षक वा विश्लेषकको काम गर्न श्री ५ को सरकारले अन्य कुनै कर्मचारीलाई तोक्न सक्नेछ।

१७. बीउ बिजन निरीक्षक तथा विश्लेषकको काम, कर्तव्य र अधिकार: बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१८. श्री ५ को सरकारले मान्यता दिने: श्री ५ को सरकारले समितिको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण वा प्रमाणीकरण गर्ने विदेशी वा अन्तर्राष्ट्रिय संस्थालाई यस ऐनको प्रयोजनका लागि मान्यता प्रदान गर्न सक्नेछ।

१९. दण्ड सजाय:

१९.१ दफा १३ विपरित सूचित बीउ बिजन बिक्री गर्ने गराउने व्यक्तिलाई तीन हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

१९.२ दफा १४ विपरित विषादि औषधीद्वारा उपचार गरिएको बीउ बिजनको बिक्री गर्ने गराउने व्यक्तिलाई दुई हजार रूपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो बीउ बिजनसमेत जफत हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९.३ दफा १५ विपरित सूचित बीउ बिजन निकासी वा पैठारी गर्ने गराउने व्यक्तिलाई एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

१९.४ माथि उपदफाहरूमा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरित कुनै काम कारवाही गर्ने गराउनेलाई पाँच सय रूपैयाँसम्म जरिवाना हुनेछ।

२०. सरकार बादी हुनेः यो ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार बादी हुनेछ।

२१. मुद्दाको तहकिकात र दायरीः

२१.१ यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

२१.२ उपदफा २१.१ बमोजिम मुद्दा तहकिकात र दायर गर्दा बीउ बिजन निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ। मुद्दा दायर भइसकेपछि मुद्दाको बहस पैरवी र पुनरावेदन सरकारी वकीलबाट हुनेछ।

२२. मुद्दा हेर्ने अधिकारः

२२.१ यो ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार तोकिएबमोजिमको अधिकारीलाई हुनेछ।

२२.२ उपदफा २२.१ बमोजिम मुद्दाको कारवाही र किनारा गर्दा तोकिएको अधिकारीले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ।

२३. असल नियतले गरेको कामको बचाउः बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषक वा यस ऐन अन्तर्गत काम गर्ने अधिकार प्राप्त कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्यको पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन।

तर कसैलाई अनावश्यक दुःख, हैरानी वा झण्झट दिने नियतले काम गरेमा सम्बन्धित व्यक्ति त्यसको लागि जवाफदेही हुनेछ।

२४. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

४५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।